मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

**प्रथम पटक प्रकाशित मिति २०७६/०६/२८**

## *नदीजन्य श्रोत उत्खनन् र भण्डारणको शिलवन्दि बोलपत्र आव्हान सम्बन्धी सूचना*

यस कार्यालयवाट चालु आर्थिक वर्ष २०७६/०७७ मा स्वीकृत प्रारंभिक वातावरणिय परीक्षण प्रतिवेदन (IEE) बमोजिम तपशिल अनुसारका क्षेत्रहरुवाट नदीजन्य श्रोतहरु (ढुंगा, गिट्टी, वालुवा, ग्राभेल आदि) घटाघटको माध्यमवाट उत्खनन् गरी तोकिएको स्थान सम्म ढुवानी र सुरक्षित भण्डारण कार्य गराउनुपर्ने भएकाले इच्छुक योग्यता पुगेका निर्माण व्यवसायी, कम्पनी वा सप्लायर्सहरुले आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, चालु आ.ब.मा कर तिरेको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सम्लग्न गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ वमोजिम रितपूर्वकको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र (NCB) पेश गर्नु हुन यो ३० दिने सुचना प्रकाशित गरिएको छ। E-Submission द्धारा वोलपत्र हेर्न तथा समावेश गर्न  Centralize portal www.bolpatra.gov.np/EGP मा रहेको site प्रयोग गर्न सकिने व्यवस्था समेत मिलाईएको व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराईएको छ।

**शर्तहरु**

१. यो उत्खनन् कार्य IEE मा तोकिएको विधि र मापदण्ड अनुसार हुनेछ। नदीजन्य श्रोतको ठेक्का सकारकर्ता संग संझौता भएपछि कार्य अवधि वढिमा २०७७ जेष्ठ मसान्त सम्म हुनेछ।

२. उत्खनन्/संकलन कार्य गर्दा हाते औजारको प्रयोगलाई प्राथमिकता दिईनेछ। आवश्यक स्थानमा मात्र प्रतिवेदनमा उल्लेखित मेसिनरी औजार प्रयोग गर्ने र मेसिनरी औजारहरु गाउँपालिकावाट अनुमति लिएर मात्र एक प्याकेजमा बढिमा २ वटा मात्र मेसिन औजार प्रयोग गर्नु पर्नेछ।

३. उत्खनन् कार्य तोकिएको स्थानमा तोकिएको गहिराईमा नवढने गरी Channalization विधि अपनाई गर्नु, गराउनु पर्नेछ। उत्खननको क्रममा ठुला ढुङ्गा देखिएमा आवश्यकता अनुसार उत्खनन्कर्ताले किनारमा बस्ती तर्फ बाढि नपस्ने गरी चेकड्यामको रुपमा मिलाउनु पर्नेछ।

४. नदीजन्य श्रोतको ढुवानी मार्ग उत्खनन् कर्ताले नै वनाउनुपर्नेछ। सो कार्य गर्दा वोट विरुवा नमासिने गरी गर्ने र एक उत्खनन् कर्ताले सकेसम्म एउटा मात्र ढुवानी मार्ग प्रयोग गर्नु पर्नेछ। कार्यादेश पाएको ३ दिन भित्र उत्खनन् कार्य सुरु गर्नुपर्नेछ।

५. उत्खनन् क्षेत्रमा प्रवेश गर्ने ढुवानीका साधनहरुले ढुवानी गर्दा सडकमा धुलो उडेमा अनिवार्य रुपमा पानी छर्कने, हर्न निषेध गर्ने र त्रिपालले छोप्ने व्यवस्था मिलाउनु पर्नेछ।

६. उत्खनन् तथा ढुवानी कार्यहरु विहान ७ वजे देखि अपरान्ह ५ वजे सम्म मात्र गर्नु, गराउनु पर्नेछ। उत्खनन् कार्य पानी वगिरहेको स्थानमा नगर्ने र पानीको सतह भन्दा १५ सेन्टिमिटर माथिवाट मात्र गर्नु पर्नेछ।

७. उत्खनन् संकलन कार्य गाउँपालिकाको प्राविधिकहरुको निगरानी र निर्देशनमा हुनेछ। उत्खनन्, भण्डारणको परिमाण सम्वन्धी लगत गाउँपालिकाले तोकेको ढाँचा र विधि अनुसार राखिनेछ।

८. उत्खनन् संकलन सम्वन्धी कार्य गर्दा, गराउँदा समन्वय गर्नुपर्ने निकायहरु, सम्वद्ध व्यावसायीहरु संग आवश्यक समन्वय र सहजिकरण गाउँपालिकाले गरी उत्खनन् कार्य व्यवस्थित गर्नेछ।

९. उत्खनन् कार्यको अनुगमन, समन्वय र सहजिकरण तोकिएका निकाय/समितिहरुले गर्नेछन। उत्खनन र भण्डारण स्थलको व्यवस्थापन र परिमाणको लगत राख्ने कार्य तोकिएको प्राविधिक, सकारकर्ता, वडा कार्यालयमा गठित स्थानीय अनुगमन उपसमितिले समेत गर्नेछ।

१०. उत्खनन/संकलन अनुमति स्वीकृत IEE स्वीकृत क्षेत्रवाट करिव १ कि.मि. को दुरी सम्म ढुवानी गरी कार्यालयले तोकेको भण्डारण स्थल वा तोकिएको प्रशोधन उद्योगमा भण्डारण गराउनु पर्नेछ। तोकिएको दुरी भन्दा टाढा वा नजिक ढुवानी गरी भण्डारण गराउनुपर्ने भएमा सोहि अनुपातमा थप/घट रकम भुक्तानी पाउने गरी अनिवार्य रुपमा ढुवानी र भण्डारण गराउनु पर्नेछ।

११. संकलन, उत्खनन् भएको परिमाण संझौताको शर्तमा उल्लेख भए अनुसार कार्यालयले नापजाँच गरी भुक्तानी गर्नेछ। संकलन, उत्खनन् स्थलमा प्रवेश गर्दा आवश्यकता अनुसार प्रवेश पास उपलव्ध गराउने व्यवस्था मिलाईनेछ।

१२. भण्डारण गरिएका वा गर्ने नदीजन्य श्रोतमा तोकिएको विक्रीमुल्य गाउँपालिकाले लिई तोकेको प्राथमिकताका आधारमा एकमुष्ठ वा आँशिक रुपमा विक्री गर्ने व्यवस्था कार्यालयले मिलाउनेछ ।

१३. एकै फर्म वा कम्पनीले एक भन्दा वढि बोलपत्रमा समावेश हुन चाहेमा सोही वमोजिम गर्नुपर्ने कामको अनुपातमा मेसिनरी औजार तथा ढुवानीका साधनहरुको विवरण पेश गर्नुपर्नेछ ।

१४. ईच्छुक बोलपत्र दाताहरुले प्रति ठेक्काको लागि रु. ३,०००।-(फिर्ता नहुने गरी) सिटिजन्स वैक रजैयामा रहेको यस कार्यालयको कोष खाता नं. ०६२०१०००००३२८२०१ मा जम्मा गरेको वैक भौचर वा नगद तिरी यो सूचना प्रथम पटक प्रकाशित मितिले तोकिएको कार्यालय समय भित्र "बोलपत्र सम्वन्धी कागजातहरु" राजश्व शाखावाट खरिद गर्न सकिनेछ ।

१५. बोलपत्र साथ तोकिए वमोजिमको धरौटि जमानत रकम यस कार्यालयको सटिजन्स वैक रजैयामा रहेको यस कार्यालयको धरौटि खाता नं.०६२०१०००००३३१२०१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा यो सुचना प्रकाशित भएको मिति देखि १२० दिन म्याद भएको मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकवाट जारी गरिएको सक्कल विडवण्ड वोलपत्र साथ संलग्न गर्नु पर्नेछ । दाखिला हुने अन्तिम मिति देखि बोलपत्र ९० दिन दिनसम्म मान्य हुनेछ ।

१६. E-Submission वाट दाखिला गर्नेको हकमा सिटिजन्स वैक रजैयामा रहेको यस कार्यालयको कोष खातामा नगद र धरौटि खातामा तोकिएको धरौटि दाखिला गरेको भौचर वा विडवण्ड राखी समावेश हुन सकिनेछ । कार्यालयमा सक्कल प्रति बोलपत्र दाखिलाको अन्तिम म्याद सकिएको ७ (सात) दिन भित्र बोलपत्र सम्वन्धी सक्कल काजजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१७. खरिद म्याद सकिएको भोलीपल्ट दिनको १२:०० वजे भित्र यस कार्यालयमा छुट्टाछुटै शिलवन्दि गरी खाममा आंफूले उत्खनन् गर्ने स्थान, ठेक्का नं. र अन्य आवश्यक कुराहरु समेत उल्लेख गरी दर्ता गराउनु पर्नेछ । निर्धारित समय भित्र दर्ता नभएको बोलपत्र मान्य हुने छैन ।

१८. दर्ता भएका बोलपत्रहरु दर्ता गर्ने दिनको अपरान्ह २:०० बजे कार्यालयका प्रतिनिधि र उपस्थित बोलपत्र दाताका प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन ।

१९. बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ ।

२०. B0Q मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । वोलपत्र साथ उपलव्ध गराईएको फारममा आँफु संग भएको मेसिनरी औजार र ढुवानीका साधनहरुको स्वामित्व समेत खुलाईएको विवरण भरी अनिवार्य रुपमा सम्लग्न गराउनु पर्नेछ । सोहि वमोजिम प्रवेश पासको व्यवस्था गरिनेछ ।

२१. कुनै कारण जनाई वा नजनाई बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवम् सुचना रद्द गर्ने सम्पुर्ण अधिकार मनहरी गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

२२. बोलपत्र सम्बन्धी सुचनामा कुनै संशोधन भएमा कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ ।

२३. शर्त राखि आएको बोलपत्र मान्य हुनेछैन । मुल्याङ्कन समितिले बोलपत्रको परीक्षण र मुल्याङ्कन गरे वमोजिम कायम हुनेछ ।

२४. यस सुचना सम्बन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र मनहरी गाउँपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

२५. बोलपत्र सम्बन्धी अन्य काम कारवाही प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

२६. कामको विवरण :– तपशिल अनुसार स्वीकृत प्याकेज क्षेत्रमा तोकिएको चौहद्दि भित्र

| सि.नं. | ठेक्का नं. | काम गनुपर्ने क्षेत्रको विवरण | प्याकेज संख्या | परिमाण (घनमिटर) | कार्यालयको ल.ई. | धरौटि रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०२(२०७६/०७७) राजश्व | चकरी,मकरी खोला र राप्तीको लामिटार, रजैया पुलको माथिल्लो क्षेत्र सम्म | ४ | ८४८८०।०० | ७०६३७०५।३४ | २१५०००।०० | मुअकर र कन्टेन्जेन्सी वाहेक |
| २. | ०३(२०७६/०७७) राजश्व | रजैया पुल देखि राप्ती खोलाको चौराहा दोभान सम्म | ३ | ६७०४०।०० | ५५७९०६२।३० | १७००००।०० | मुअकर र कन्टेन्जेन्सी वाहेक |
| ३. | ०४(२०७६/०७७) राजश्व | राप्ती खोलाको सिम्पानी देखि मनहरी दोभान सम्म | ३ | १०८५००।०० | ९०२९३५९।४४ | २७५०००।०० | मुअकर र कन्टेन्जेन्सी वाहेक |